# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(आर्थिक प्रशासन शाखा)

०८१-५२०१५१
०८१-५२०२१६
०८१-५२०३३८
०८१-५२५१०१

नेपालगंज, बाँके
५ नं . प्रदेश, नेपाल

पत्र संख्या : २०७६/७७
चलानी नं : ५६३१

मिति : २०७७।०३।०१

**बिषय : योजनाहरुको रकम भुक्तानी सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै,
नेपालगंज उपमहानगरपालिका, बाँके

प्रस्तुत बिषयमा यस नेपालगञ्ज उपमहानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७६/०१/१२ को निर्णय नं. ५ बमोजिम "रु १०,००,०००।- सम्मको बजेटबाट संञ्चालित सबै योजनाहरुको वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गरि योजनाको भुक्तानिका लागि कार्यालयमा सिफारिस गर्ने र सोही सिफारिस बमोजिम कार्यालयले भुक्तानी दिने र रु १०,००,०००।- भन्दा माथि बजेट भएका वडास्तरिय योजनाहरुको नगर स्तरिय अनुगमन समितिबाट अनुगमन भै भुक्तानिका लागि कार्यालयमा सिफारिस गर्ने" गरि भएको निर्णय यसै साथ संलग्न राखि पठाईएको छ । सोही निर्णय बमोजिम योजना हरुको भुक्तानि प्रकृया अघि वढाउनु हुन अनुरोध छ ।

२०७७।०३।०१ लोकेन्द्र रावत
लेखा अधिकृत

२०७७।३।१.
.................
ओमबहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सुचना प्रविधि शाखा : **Website** मा **Upload** गरिदिनुहुन ।

मिति २०७६।१।१२ गते नेपालगंज उपमहानगरका नगर प्रमुख डा. धवल शम्शेर राणाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिका बैठक निर्णयहरु

## छलफलका एजेण्डाहरु

१) घर नक्सा प्रमाणीकरण सम्बन्धी
२) वर्षात शुरु हुन पूर्व नगरक्षेत्रका मुख्य नाला सफाई गर्ने सम्बन्धमा
३) संचालनमा रहेका सार्वजनिक तथा घुम्ती शौचालय व्यवस्थापन सम्बन्धमा
४) नगरपालिकाका सवारी साधनहरुको व्यवस्थापन सम्बन्धमा
५) संचालित योजनाहरुको अनुगमन तथा उपभोक्ता समिति व्यवस्थापन सम्बन्धमा
६) विविध

## निर्णयहरु

१) यस नेपालगंज उप महानगरपालिका अन्तर्गत पुरानो मापदण्डमा एक तला थपको स्वीकृती लिई कार्य सम्पन्न समेत लिई सकेको तर पुन: नक्शा स्वीकृती नलिई तल्ला थप गरेका घरहरुको हकमा प्रमाणित दस्तुर लिई मिति २०७६ साल आषाढ मसान्त सम्म नक्शा प्रमाणित गर्ने निर्णय गरियो ।

२) यस नेपालगंज उप महानगरपालिका क्षेत्र भित्र सडक चौडा गर्ने क्रममा भवन तोडफोड गर्दा वा भवन निर्माण स्वीकृती लिई सुपरस्टक्चर सम्म प्रमाणपत्र लिईसकेको तर सेट ब्याक भित्र पर्ने छज्जामा वाल लगाई सकेको अवस्थामा उक्त एरियालाई नक्शामा खुलाई १००० व.फि. सम्मलाई रु.५०००।- तथा सो भन्दा माथि भए रु.१००००।-जरिवाना लिई मिति २०७६ आषढ मसान्त सम्म निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

३) हरेक वर्ष झैं वर्षातको समयमा यस नगरक्षेत्रलाई डुवान हुन नदिन वर्षात शुरु हुनपूर्व नगरका मुख्यनालाहरु सफा गर्ने कार्य तत्काल दक्ष जनशक्तिको व्यवस्थापन गरी शुरु गर्ने निर्णय गरियो ।

४) यस उपमहानगरपालिकाको केही महत्वपूर्ण कार्यहरुको रेखदेख, संचालन एवं प्रभावकारी व्यवस्थापनको लागि देहाय बमोजिमका ईकाईहरु स्थापना गरी कार्यान्वय गर्ने निर्णय गरियो ।

- यस उपमहानगरपालिकाको मातहतमा रहेका सार्वजनिक शौचालय एवं घुम्ती शौचालयहरुको रेखदेख एवं संचालन गर्न ठेक्का प्रकृयाबाट सम्भव नभएकोले नगरक्षेत्रमा रहेका सम्पूर्ण शौचालयहरुको रेखदेख, प्रवाहकारी रुपमा संचालन गर्नको लागि कार्यालयमा शौचालय व्यवस्थापन ईकाइ स्थापना गर्ने ।
- नगरक्षेत्रका सडकहरुको खाल्टाखुल्टीहरुको सामान्य मर्मत एव वर्षायाममा तत्काल सडक मर्मत गरी यातायात शुचारु गर्ने लगायतका मर्मतको लागि मर्मत ईकाइ स्थापना गर्ने ।
- नगरपालिकाका सम्पूर्ण सवारी साधनहरुको रेखदेख, संचालन एवं परिचालनको लागि यान्त्रिक ईकाइ स्थापना गर्ने ।

५) यस उपमहानगरपालिकाको स्विकृत बार्षिक कार्यक्रम अनुसार संचालित पूर्वाधार योजनाहरुको नगर स्तरीय अनुगमन समितिबाट अनुगमन भै उक्त समितिबाट भुक्तानीको लागि सिफारिस भै आए पश्चात कार्यालयबाट भुक्तानी दिने गरिरहेकोमा वडा स्तरीय संचालित पूर्वाधार योजनाहरुको संख्या अत्यधिक भएकोले नगरस्तरीय अनुगमन समितिबाट सबै योजनाहरुको अनुगमन गर्न सम्भव नभएकोले रु. १०,००,०००।- सम्मको बजेटबाट संचालित सबै योजनाहरुको वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गरी योजनाको भुक्तानीको लागि कार्यालमा सिफारिस गर्ने र सोही सिफारिस मोजिम कार्यालयबाट भुक्तानी दिने र रु. १०,००,०००।- भन्दा माथि बजेट भएका वडा स्तरीय योजनाहरुको नगर स्तरीय अनुगमन समितिबाट अनुगमन भै भुक्तानीको लागि कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

६) यस नगरक्षेत्रमा संचालित निजि विद्यालयहरुको नयां शैक्षिक सत्रमा लिने शुल्क निर्धारण सम्वन्धी यस बैठकमा छलफल भै सो सम्बन्धमा पेब्सन, एनपेब्सन, निजि विद्यालय लगायत अन्य सरोकारवालाहरुसंग छलफल सम्वाद गरी आवश्यक राय सुझाव सहितको शुल्क निर्धारण सम्वन्धी प्रतिवेदन सात दिन भित्र पेश गर्न देहायका पदाधिकारीहरु रहने गरी सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) श्री उमा थापा मगर | उप प्रमुख | संयोजक |
| ख). श्री सुनिल सिंह हमाल | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| ग). श्री दिपक कुमार वर्मा | वडा अध्यक्ष वडा नं. १८ | सदस्य |
| घ). श्री ईन्दिरा शाही | कार्यपालिका सदस्य | सदस्य |
| ङ). श्री कौशल कुमार धोवी | कार्यपालिका सदस्य | सदस्य |

७) यस उपमहानगरपालिका कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई २०७५ चैत्र १ गते देखि २०७६ अषाढ मसान्त सम्मका लागि फिल्ड भत्ता वापत मासीक ईन्जिनियरका लागि रु. ६०००।- र सब ईन्जिनियरका लागि रु. ५०००।- प्रदान गर्ने निर्णय गरियो ।

८) यस नगरपालिका अन्तर्गत फोहोरमैला व्यबस्थापन, कान्जि हाउस, महेन्द्र पार्कको सुरक्षा तथा वडा कार्यालयहरुको सुरक्षा तथा सरसफाई व्यवस्थापनका लागि समेत मासिक डोर हाजिरी र ज्यालादारीमा कार्यरत रहेको अवस्था

REDMI K20 PRO
AI TRIPLE CAMERA